आज मिति २०७८।०२।६ गते प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको अध्यक्षतामा बसेको DCCMC (District Covid-19 Crisis Management Center) बैठकले देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेशकुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हैं.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

मेडीकल सुपरीटेन्डेन्ट डा., श्री पिताम्बर ठाकुर, मेची अस्पताल, झापा

नि. जिल्ला समन्वय अधिकारी, श्री कृष्ण कार्की, जिल्ला समन्वय समितिको कार्यालय, झापा

नि. कार्यालय प्रमुख, श्री इश्वरी पौडेल, स्वास्थ्य कार्यालय, झापा

सभापति, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

आमन्त्रित

अध्यक्ष, टीकाराज ढकाल, प्रदेश उद्योग वाणिज्य संघ प्रदेश नं १

कार्यक्रम अधिकृत, श्री जीवन चौलागाँई, स्वास्थ्य कार्यालय, झापा

निर्णयहरु:-

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा झापा जिल्लामा समेत संक्रमण तीव्र गतिमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि मिति २०७८।२।८ देखि मिति २०७८।२।१४ गते सम्म झापा जिल्लाभर देहाय अनुसार निशेधाज्ञा जारी गर्ने ।

देहाय :-

१. सर्वसाधारणका लागि:-

क. औषधि खरिद तथा उपचारका लागि बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।

ख. खाद्यान्न खरिदमा समस्या परेमा सम्वन्धित पालिका वा स्थानीय उद्योग वाणिज्य संघसंग समन्वय गरेर व्यवस्थापन गर्न सकिने ।

ग. नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड र सामाजिक दुरी को अनिवार्य पालना गर्ने।

घ. हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।

ङ. Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारको कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको Isolation Center मा सम्पर्क राख्ने ।

२. <u>कार्यालय संचालन सम्बन्धमाः-</u>

क. अत्यावश्यक सेवा सञ्चालन गर्ने बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान, वीमा लगायतका कार्यालयहरुले सेवा स्थगन गर्ने र त्यस्ता कार्यालयमा न्युनतम कर्मचारी मात्र उपस्थित भई कार्यालयको आन्तरिक प्रशासन सञ्चालन गर्ने ।

ख. सरकारी, सार्वजनिक कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचयपत्रका आधारमा बिहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म मात्र सरकारी तथा निजी सवारी साधनमा आवतजावत गर्न पाउने ।

ग. अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयका कर्मचारीहरुको हकमा कर्मचारी परिचयपत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवश्यकता अनुसार आवतजावत गर्न पाउने ।

३. <u>बैंक/वित्तीय संस्था सम्वन्धमाः-</u>

क. बैंक तथा वित्तिय संस्थाको सम्वन्धमा सम्वन्धित माथिल्लो निकायको स्वीकृति लिई न्युनतम कर्मचारीको उपस्थितिमा हप्तामा २ दिन आलोपालो मिलाई सञ्चालन गर्ने ।

ख. सहकारी संस्थाहरुले घर, पसल तथा समूहमा गई वचत रकम संकलन गर्ने कार्य हाललाई स्थगित गर्ने ।

४. <u>पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-</u>

क. औषधी र स्वास्थ्य सामाग्री, ईन्धन (पेट्रोल/डिजल स्टेसन, LP Gas) बाहेक अन्य खाद्यान्न पसल, व्यवसाय पुर्ण रुपमा बन्द गर्ने ।

ख. मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार सम्वन्धी पसल स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान ११:०० बजे देखी दिउसो १:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

ग. हरियो तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ स्थानीय तह र स्थानीय उद्योग वाणिज्य संघको समन्वयमा विहान ९ बजे भित्र घरघरमा होम डेलीभरी सेवा उपलब्ध गराउन सकिनेछ ।

घ. औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

ङ. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

५. <u>सवारी साधन सञ्चालन सम्बन्धमाः-</u>

क. अत्यावश्यक सेवा संचालन गर्ने नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा निजी सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारी परिचय पत्रको आधारमा विहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म सञ्चालन गर्न पाईने ।

ख. अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन मिति २०७८ जेठ ७ गते राती १२:०० बजे देखि ऐ. जेठ १४ गते राती १२:०० बजेसम्म झापा जिल्ला भर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने।

ग. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुधजन्य पदार्थ, मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाईने ।

घ. यस जिल्लाबाट अन्य जिल्लाको लागि खाद्यान्न लगायतका सामाग्री ढुवानि गर्ने सवारी साधनलाई सञ्चालन गर्न दिईने।

६. <u>उद्योग, कल-कारखाना र विकास निर्माण कार्य सञ्चालन सम्बन्धमाः-</u>

क. उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।

ख. राष्ट्रिय गौरब तथा महत्वका आयोजना/परियोजना र अति आवश्यक विकास निर्माण कार्यका लागि कामदारहरुलाई खाने बस्ने व्यबस्था सम्वन्धित आयोजनाले निर्माणस्थलमा नै मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

ग. राष्ट्रिय गौरब तथा महत्वका आयोजना/परियोजना र अति आवश्यक विकास निर्माण कार्यका लागि निर्माण सामाग्री बोक्ने/बोकेका सवारी साधनलाई आयोजना हेर्ने कार्यालयको सिफारिसका आधारमा निर्माणस्थल सम्म आवतजावत गर्न सहजिकरण गरिने ।

घ. विकास निर्माण सम्वन्धी आयोजनाको लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरु सम्वन्धित स्थानीय तह वा स्थानीय उद्योग वाणिज्य संघ संग समन्वय गरी गोदामबाट मात्र उपलब्ध गराउने ।

७. <u>विवाह तथा मृत्यु संस्कार सम्बन्धमाः-</u>

क. विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जना सम्म व्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति आवश्यक नपर्ने।

ख. मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिश) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने।

८. <u>सीमा नाका सम्बन्धमाः-</u>

क. सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी आवत जावत गर्न दिइने ।

ख. काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पुर्ण रोक लगाउने ।

ग. काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।

९. सभा सम्मेलनको हकमाः-

क. सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने ।

१०. विविधः-

क. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।

ख. अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने।

ग. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्वन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिने ।

११. Covid-19 को उपचार, रोकथाम तथा नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन राज्यका सबै पक्षको आपसी समन्वय र सहयोगबाट कोरोना रोकथाम र नियन्त्रणमा थप टेवा पुग्ने देखिएकोले DCCMC को बैठकमा गैरसरकरी तथा निजी क्षेत्रलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराई Covid-19 को उपचार, रोकथाम तथा नियन्त्रण गर्ने कार्यलाई थप समन्वयात्मक बनाउने ।

१२. गृह मन्त्रालयको च.नं ३२६८ मिति २०७८।२।५ को प्राप्त पत्रानुसार Covid-19 को उपचार, रोकथाम तथा नियन्त्रणको नाममा आफुखुसी रकम जम्मा गर्ने अभियान चाल्ने कार्य भएकोले कोरोना उपचारको नाममा जथाभावी रकम जम्मा गर्ने कार्यलाई निरुत्साहित गरी कसैले स्वेच्छिक रुपमा यस प्रकारका रकम जम्मा गर्न चाहेमा राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार परिसर शाखामा रहेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको खाता नं. १९६०००००११०१ मा सबै राष्ट्रिय वाणिज्य बैंक मार्फत रकम जम्मा गर्न सकिने कुरा सम्वन्धित सबैमा जानकारी गराउने ।

१३. झापाली समाज USA बाट नेपाल रेडक्रस सोसाईटी झापा शाखा मार्फत प्राप्त हुन आएका १०० वटा अक्सिजन क्यान, ४८ वटा अक्सिमिटर, १५ थान PPE र ६ ग्यालेन स्यानिटाईजर मध्ये निम्न बमोजिमका निकायलाई निम्नानुसार हस्तानरण गर्ने ।

| प्राप्त गर्ने निकाय | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १५ वटै पालिका | अक्सिजन क्यान | प्रत्येक पालिकालाई ५ वटाका दरले | |
| नयाँ श्रीनाथ गण चारआली | अक्सिजन क्यान | ५ वटा | |
| | अक्सिमिटर | १० वटा | |
| | PPE | १५ वटा | |
| | स्यानिटाईजर | १ ग्यालेन | |
| जिल्ला प्रहरी कार्यालय, झापा | अक्सिजन क्यान | ५ वटा | |

| | | | |
|---|---|---|---|
| | अक्सिमिटर | १० वटा | |
| | स्यानिटाईजर | १ ग्यालेन | |
| सशस्त्र प्रहरी बल नेपाल २ नं गण झापा | अक्सिजन क्यान | ५ वटा | |
| | अक्सिमिटर | १० वटा | |
| | स्यानिटाईजर | १ ग्यालेन | |
| मेची अस्पताल झापा | अक्सिजन क्यान | ५ वटा | |
| | अक्सिमिटर | ५ वटा | |
| नेपाल रेडक्रस सोसाईटी झापा शाखा | अक्सिजन क्यान | ५ वटा | |
| | अक्सिमिटर | ५ वटा | |

१४. जिल्ला स्थित सबै पालिकाहरुमा निर्माण गरिएका आइसोलेसनलाई बालमैत्री बनाउन र जिल्लाका कोभिड अस्पतालहरुमा निश्चित प्रतिशत बेड Covid-19 संक्रमित बालबालिकाहरुका लागि छुट्याउन अनुरोध गर्ने ।

१५. Covid-19 संकटको यो विषम परिस्थितिमा जिल्ला प्रशासन कार्यालय झापाले जारी गरेको निषेधाज्ञा प्रति जिल्ला बासी सबै नागरिक, राजनैतिक दल, नागरिक समाज, पत्रकार महासंघ, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत सम्वद्ध सबै संघसंस्थाबाट जनाउनु भएको ऐक्यवद्धता र निषेधाज्ञाको पालना प्रति आभार व्यक्त गर्दै Covid-19 को संक्रमणको दर बृद्धि भईरहेको वर्तमान परिप्रेक्षमा अझै केही समय निषेधाज्ञालाई निरन्तरता दिनुपर्ने देखिएकोले निषेधाज्ञाको अझ प्रभावकारी पालनाको लागि सबैमा अनुरोध गर्ने ।